लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको मासिक प्रकाशन

वर्ष १, अंक ३, २०७४ भाद्र (Year 1, Issue 3, Aug/Sep. 2017)

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) ज्यूका १०० दिनका मुख्य उपलब्धिहरू



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) बाट २०७४ जेष्ठ ८ गते कार्यभार सम्हाल्नु हुँदै ।

महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल)ले मिति २०७४ जेठ ८ गतेबाट पद बहाली गर्नु भएकोमा २०७४ भाद्र १३ गते १०० दिन पुरा भएको छ । सो अवधिमा सम्पादन गरिएका प्रमुख कार्यहरु निम्नानुसार छन् :

६ बर्षे कार्य योजना तयारी र कार्यान्वयन

महालेखा परीक्षकले आफ्नो कार्यकालमा गर्ने कार्यहरु समेटी ६ वर्षे कार्य योजना, २०७४ – २०८० तयार गरी प्रकाशन गरिएको छ । उक्त कार्य योजनामा नेपालको संविधानले महालेखा परीक्षकवाट गरेको अपेक्षा मूताविकको विश्वसनीय र गुणस्तरीय लेखापरीक्षणको माध्यमवाट देशमा सुशाासन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउन गर्नुपर्ने कार्यहरुलाई ६ विभिन्न क्लष्टरमा राखी तयार गरिएको छ । कार्य योजनाले संगठनात्मक व्यवस्था र कार्य प्रणालीमा सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चारसंग सम्बन्धित ११० क्रियाकलापहरु समावेश गरिएको छ । उक्त कार्य योजना अंग्रजीमा समेत रुपान्तरण गरिएको छ । सो कार्य योजनामा बहुदाता कोषले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे अनुरुप आयोजना प्रतिबेदन तयारी गरिएको र कार्ययोजना कार्यान्वयनका लागि ४५ मिलियन यु. एस डलर सहयोग प्राप्त हुने प्रतिबद्धता व्यक्त भएको छ । कार्ययोजना नेपाल सरकारका पदाधिकारीहरु र व्यबस्थापिका संसद सार्बजनिक लेखा समितिलाई समेत जानकारी गराईएको र सबैबाट कार्यान्वयनको लागि सहयोग गर्ने प्रतिबद्धता प्राप्त भएको छ ।

क्रमशः पृष्ठ ४ मा

यस भित्र

क्र.सं.	विषय	पेज नं.
१.	२०७४ भाद्र मसान्तसम्म सार्वजनिक संस्थाहरुको लेखापरीक्षणको स्थिति	३
२.	लेखापरीक्षण प्रक्रियामा सुधार	५
३.	२०७४ भाद्र महिनामा भएका कार्यालय गतिविधिहरु	६
४.	लेखापरीक्षण अनुगमन तथा सुपरीवेक्षण सम्बन्धि निर्देशिका, २०७४	७
५.	Audit Work Flow (कविता)	७
६.	माननीय महालेखा परीक्षकज्यूले पदभार ग्रहण गरे पश्चात् भाद्र मसान्तसम्म गरेका छलफल तथा अन्तरक्रिया	११
७.	२०७४ भाद्र महिनामा विभिन्न तालिम तथा वैदेशिक कार्यक्रममा सहभागि कर्मचारीहरु	१२
८.	शुभकामना	१२

वर्ष १, अंक ३, २०७४ भाद्र (Year 1, Issue 3, Aug/Sep. 2017)

संरक्षक
माननीय महालेखा परीक्षक
श्री टंकमणि शर्मा (दंगाल)

सल्लाहकार
उप-महालेखा परीक्षक
श्री इश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री उद्धवचन्द्र श्रेष्ठ

सदस्य
श्री महेश पौड्याल
श्री श्यामप्रसाद भण्डारी
श्री दिपक आचार्य
श्री शंकरबाबु आचार्य
श्री नीलम साह

प्रकाशक
महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६६०३४
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

सम्पादकीय .....

नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०४८ बमोजिम सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यताको आधारमा लेखापरीक्षण गर्ने कार्य क्षेत्र महालेखा परीक्षकलाई रहेको छ । महालेखा परीक्षकको कार्यालयले संवैधानिक परिधि र लेखापरीक्षणको क्षेत्रमा आएका विश्वव्यापी मान्यतालाई आत्मसात गर्दै लेखापरीक्षण विधि र प्रक्रियामा सुधारको कार्यलाई निरन्तरता दिदैं आएको छ ।

यसै सन्दर्भमा कार्यालयले बार्षिक लेखापरीक्षण योजना, २०७४ अनुसार आर्थिक वर्ष २०७३/७४ को १० हिमाली जिल्लाको लेखापरीक्षण कार्य सम्पन्न गरेको छ । त्यसै गरी काठमाडौं उपत्यकाका स्थित कार्यालयहरुको लेखापरीक्षण कार्य अन्तिम चरणमा पुगेको छ ।

लेखापरीक्षण कार्य एक निरन्तर सुधार प्रक्रिया समेत रहेकाले प्रथम चरणको लेखापरीक्षणका क्रममा देखिएका व्यहोरा, समस्या, चुनौती र जोखिमका क्षेत्रहरुको पहिचान गर्दै दोस्रो र तेस्रो चरणको लेखापरीक्षण कार्यलाई थप विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

अन्त्यमा सार्वजनिक लेखापरीक्षण र कार्यालय गतिविधिहरु बारे सरोकारवालालाई सूचित गर्ने हाम्रो प्रयासलाई अझ परिस्कृत र नतिजामूखी बनाउन यहाँहरुको अमूल्य राय, सुझाव र सल्लाहले थप मद्दत गर्ने विश्वास लिएका छौं ।

माननीय महालेखा परीक्षकज्यूको सन्देश



मैले नेपालको महालेखा परीक्षकको जिम्मेवारी सम्हालेको २०७४ भाद्र १३ गते १०० दिन पूरा भएको छ । यस अवधिमा विद्यमान अवस्थाको विश्लेषण गरी चुनौतिलाई अवसरमा रुपान्तरित गर्न मेरो नेतृत्वमा महालेखा परीक्षकको कार्यालयको जिम्मेवारी निर्वाह गर्न ६ बर्षे कार्यकालमा सम्पादन गर्ने विभिन्न विषयहरुसँग सम्बन्धित ११० क्रियाकलापहरु समावेश गरी कार्ययोजना सार्वजनिक गरेको छु ।

महालेखा परीक्षकको हैसियतमा कार्य प्रारम्भ गरेको १०० दिनको अवधिमा विद्यमान कानुनी व्यवस्था, संगठनात्मक व्यवस्था, लेखापरीक्षण प्रक्रिया लगायतमा सुधारको प्रक्रिया थालनी भईसकेको छ । सार्वजनिक लेखा समिति तथा अन्य सरोकारवाला निकायहरुसँग निरन्तर छलफल तथा अन्तरक्रिया गर्ने परिपाटीको विकास भएको छ । त्यसैगरी वित्तिय अनुशासनमा उदासिनता देखाउने जिम्मेवार पदाधिकारीहरुको अभिलेख राख्ने, वित्तिय अनुशासन पालनाको स्तर मापन गर्ने र नेपाल सरकारको सचिव पदमा बढुवा गर्दा तथा सार्वजनिक पदाधिकारीलाई विशेष जिम्मेवारी दिदाँ वित्तिय अनुशासन पालनाको स्तर बारे महालेखापरीक्षकको कार्यालयले सिफारिस गर्ने अभ्यासको शुरुवात भईसकेको छ । जसबाट देशको समग्र आर्थिक प्रशासनमा स्वच्छता र पारदर्शिताको विकास हुने तथा सार्वजनिक खर्चको उपयोग वृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु ।

देशको आर्थिक विकास, रोजगारी, लगानीको प्रतिफल र नागरिकमैत्री सेवा प्रवाहमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापित कतिपय सार्वजनिक संस्थानहरुले लेखापरीक्षण नै नगराउने तथा लेखापरीक्षणबाट औलाईएका व्यहोराहरुमा उदासिनता देखाउने प्रवृत्तिलाई मैले एक गम्भिर आर्थिक विचलनको रुपमा लिएको छु । यस्तो प्रवृत्तिमा शिघ्र सुधार गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन लेखापरीक्षण गर्न बाँकी रहेका संस्थानका पदाधिकारीलाई २०७४ भाद्र मसान्त भित्र लेखापरीक्षण कार्य सम्पन्न गर्न निर्देशन दिईएको थियो ।

लामो अवधिदेखि दर्जनौ सार्वजनिक संस्थानहरुको लेखापरीक्षण गर्न बाँकी रहेकोमा उक्त निर्देशन पश्चात ती संस्थानले तत्परता देखाएका छन् । २०७४ भाद्र मसान्त सम्म लेखापरीक्षण सम्पन्न गर्ने कार्य योजना पेश गरेकोमा अधिकांश संस्थानहरुको लेखापरीक्षण कार्यले तिव्रता लिई सम्पन्न गर्ने चरणमा पुगेको जानकारी प्राप्त भएको छ । लेखापरीक्षण गराउन र फछ्यौंट गर्न उखासिनता देखिएको र लेखापरीक्षण गराउन तत्परता नदेखाउने सार्वजनिक संस्थानका जिम्मेवार पदाधिकारीहरुलाई उपस्थित गराई जिम्मेवार बन्न निर्देशन दिईएको । संस्थानहरुले तोकिए बमोजिम लेखापरीक्षण नगरेमा प्रचलित कानूनी व्यवस्था बमोजिम जिम्मेवार पदाधिकारीहरुलाई कारबाही दायरा ल्याइने कार्यको थालनी भएको छ ।

चालु आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, सर्वजनिक संस्थान, समिति, बोर्ड, परिषद् तथा विश्वविद्यालय र बक्यौता समेत करीब ५ हजार ५ सय कार्यालयहरुको रु. ५० खर्बको लेखापरीक्षण गर्ने गरी कार्ययोजना तयार गरिएको छ । यस पटक २०७४ श्रवण १५ गतेबाट नै प्रथम चरणको लागि उच्च हिमाली १० जिल्ला र काठमाडौं उपत्यकामा लेखापरीक्षण डोर खटाई भाद्र मसान्तसम्म अधिकांश कार्य सम्पन्न भएको छ । कार्यालयमा उपलब्ध जनशक्ति तथा स्थानीय र प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनको कारणले तीन चरणमा लेखापरीक्षण गरी २०७४ माघ मसान्तसम्म सम्पन्न गर्ने योजना रहेको छ ।

क्रमशः पृष्ठ ४ मा

२०७४ भाद्र मसान्तसम्म सार्वजनिक संस्थाहरूको लेखापरीक्षणको स्थिति

माननीय महालेखा परीक्षकबाट सार्वजनिक संस्थानहरुको बक्यौता रहेको लेखापरीक्षण २०७४ भाद्र मसान्तसम्म सम्पन्न गर्न विभिन्न मितिमा सम्बन्धित सार्वजनिक संस्थान प्रमुखहरुलाई निर्देशन भएको थियो । उक्त निर्देशन पश्चात २०७४ भाद्र मसान्त सम्मको अवस्था देहाय बमोजिम रहेको रहेको छ ।

१. गुठी संस्थानको आर्थिक वर्ष २०५१/५२ देखि आर्थिक वर्ष ०६९/७० सम्मको लेखापरीक्षणको कार्य सम्पन्न भएतापनि वित्तीय विवरण प्रमाणित गरी प्रारम्भिक प्रतिवेदनको जवाफ नआएको र त्यसपछिको आर्थिक वर्षहरुको भाद्र १९ गतेको बोर्ड बैठकबाट वित्तीय विवरण स्विकृती भएको जनाए तापनि महालेखा परीक्षकको कार्यालयमा पेश हुन बाँकी रहेको छ ।

२. राष्ट्रिय बीमा संस्थानको आर्थिक वर्ष २०६६/६७ देखि २०६८/६९ सम्मको वित्तीय विवरण प्रमाणित भई प्रारम्भिक प्रतिवेदनको जवाफ आउन बाँकी रहेको र त्यसपछिको आर्थिक वर्ष २०७१/७२ सम्मको लेखापरीक्षण गर्न लेखापरीक्षक नियूक्ति भएको तथा आर्थिक वर्ष २०७२/७३ को वित्तीय विवरण तयारीको क्रममा रहेको छ ।

३. राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०६६/६७ देखि २०६८/६९ सम्मको प्रारम्भिक प्रतिवेदनको जवाफ दिन बाँकी रहेको र आर्थिक वर्ष २०६९/७० पछिको लेखापरीक्षण गर्न लेखापरीक्षक नियूक्ति भई यथाशिघ्र लेखापरीक्षण सक्ने कार्ययोजना तयार गरेको छ ।

४. नेपाल पर्यटन बोर्डको आर्थिक वर्ष २०६९/७० को वित्तीय विवरण प्रमाणित गरी प्रारम्भिक प्रतिवेदनको जवाफ दिन बाँकी रहेको र त्यस पछिका आर्थिक वर्षहरुको लेखापरीक्षण गर्न महालेखा परीक्षकको कार्यालयबाट टोली खटिएको छ ।

५. नेपाल खानेपानी संस्थानको आर्थिक वर्ष २०६९/७० देखि २०७०/७१ सम्मको लेखापरीक्षण गर्न नियूक्त लेखापरीक्षकलाई संस्थानले वित्तीय विवरण एवं स्रेस्ता पेश गरी लेखापरीक्षण गराउन दिईएको निर्देशन अनुसार लेखापरीक्षण कार्य गराएको नपाइएकाले संस्थानका जिम्मेवारी पदाधिकारीलाई संस्थान ऐन, २०२१, आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानूनी व्यवस्था अनुसार कारबाही गरी ७ दिन भित्र जानकारी पठाउन खानेपानी तथा सरसफाई मन्त्रालयका सचिवलाई निर्देशन दिईएको छ ।

६. नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक वर्ष २०७०/७१ देखिको लेखापरीक्षण कार्य सम्पन्न भईसकेकोमा वित्तीय विवरण प्रमाणित गरी यस कार्यालयमा पेश हुन बाँकी रहेको छ ।

७. नेपाल खाद्य संस्थानको आर्थिक वर्ष २०६७/६८ देखि २०७०/७१ सम्मको वित्तीय विवरण परित गरि प्रारम्भिक प्रतिवेदनको जवाफ दिन बाँकी रहेको र त्यस पछिका आर्थिक वर्षहरुको वित्तीय विवरण तयारी चरणमा रहेको भनी लेखापरीक्षण नगराएको तर्फ ध्यानाकर्षण भएको छ ।

८. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको विगत २ आर्थिक वर्षको लेखापरीक्षण कार्य बाँकी रहेकोमा अघिल्लो आर्थिक वर्ष २०७१/७२ को वित्तीय विवरण पारित भई प्रारम्भिक प्रतिवेदनको जवाफ आउन बाँकी रहेको र आर्थिक वर्ष २०७२/७३ को वित्तीय विवरण तयार भई लेखापरीक्षणको लागि पेश भएको छ ।

९. उदयपुर सिमेन्ट उद्योग लिमिटेडको आर्थिक वर्ष २०६६/६७ देखि ७ आर्थिक वर्षको लेखापरीक्षण बाँकी रहेकोमा आर्थिक वर्ष २०६६/६७ देखि २०६८/६९ सम्मको लेखापरीक्षण सम्पन्न भएको र आर्थिक वर्ष २०६९/७० देखिको वित्तीय विवरण पारित भई प्रारम्भिक प्रतिवेदनको जवाफ आउन बाँकी रहेको छ ।

१०. नेपाल औषधी लिमिटेड, नागरिक लगानी कोष, नेपाल विद्युत प्राधिकरण, राष्ट्रिय आवास कम्पनी लिमिटेड र सांस्कृतिक संस्थानको आर्थिक वर्ष २०७२/७३ को वित्तीय विवरण तयार भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको प्रतिउत्तर प्राप्त हुन बाँकी रहेको छ ।

११. गोरखापत्र संस्थान र नेशनल ट्रेडिङ लिमिटेडको आर्थिक वर्ष २०७१/७२ देखिको वित्तीय विवरण तयार भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको जवाफ आउन बाँकी रहेको छ ।

१२. नेपाल रेल्वे कम्पनी लिमिटेडको आर्थिक वर्ष २०६९/७० देखि २०७१/७२ सम्मको लेखापरीक्षण प्रतिवेदन जारी भई सकेको छ । आर्थिक वर्ष २०७२/७३ को वित्तीय विवरण तयार भई लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको जवाफ आउन बाँकी रहेको छ ।

१३. जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको आर्थिक वर्ष २०६६/६७ देखि २०६८/६९ सम्मको लेखापरीक्षण कार्य बाँकी रहेकोमा आर्थिक वर्ष २०६६/६७ देखि २०६८/६९ सम्मको लेखापरीक्षण कार्य अन्तिम चरणमा रहेको र आर्थिक वर्ष २०६९/७० देखिको वित्तीय विवरण पारित भई प्रारम्भिक प्रतिवेदनको जवाफ पेश हुन बाँकी रहेको छ ।

१४. जनकपुर चुरोट कारखाना लिमिटेडको आर्थिक वर्ष २०७१/७२ देखि दुई आर्थिक वर्षको लेखापरीक्षण कार्य बाँकी रहेकोमा वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउन बाँकी छ ।

१५. लिक्वीडेसनमा गएका सूर्ती विकास कम्पनी लिमिटेडको आर्थिक वर्ष २०६९/७० देखि चार आर्थिक वर्ष, कृषि औजार कारखाना लिमिटेडको आर्थिक वर्ष २०५८/५९ देखि पन्ध्र आर्थिक वर्ष र हेटौडा कपडा उद्योग लिमिटेडको आर्थिक वर्ष २०७१/७२ देखि दुई वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ । नेशनल कन्स्ट्रक्सन कम्पनी लिमिटेडको आर्थिक वर्ष २०६९/७० देखि चार आर्थिक वर्षको लेखापरीक्षण बाँकी रहेकोमा उक्त कम्पनी हाल बन्द रहेको छ ।

१६. त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसको विगत लामो समयदेखि लेखापरीक्षण नगराएकोमा हाल लेखापरीक्षक खटाइ लेखापरीक्षण कार्य भइरहेको छ ।

माथि उल्लेख भएका र अन्य विगत वर्षहरुको लेखापरीक्षण गराउन बाँकी रहेका, प्रक्रियामा रहेका तथा लेखापरीक्षण सम्पन्न भई प्रतिवेदन दिन अन्तिम टुङ्गो लगाउन बाँकी रहेका सबै निकायहरु र सो निकायका सम्बन्धित मन्त्रालयहरुलाई समेत अद्यावधिक लेखापरीक्षण सम्पन्न गराई फरफारक गराउन समेत महालेखा परीक्षकको कार्यालय विशेष ध्यानाकर्षण गराउँछ ।

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा .....

सय दिनको अबधिमा उक्त कार्ययोजनाको कार्यान्वयन सन्दर्भमा देहाय बमोजिमका कार्यहरु भएका छन् ।

१. संगठन संरचनामा फेरबदल गरी निरीक्षण तथा अनुगमन र सूचना तथा सञ्चार इकाईको गठन गरिएको छ । संघ, प्रदेश र स्थानीय तह संरचना अनुरुपको प्रदेश तहसम्म कार्यालय स्थापना गरी स्थलगत लेखापरीक्षण गर्न चाहिने थप जनशक्ति आकलन गर्न संगठन र व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गरिएको छ ।

२. केन्द्रको कार्यालय भवन निर्माण कार्य आरम्भ भएको, केन्द्रिय निकाय र जिल्ला तहमा लेखापरीक्षण डोर कक्षको व्यवस्था गर्न, कार्यालयलाई आवश्यक सवारी साधन, फर्निचर, कार्यालय सामग्रीहरुको आवश्यक व्यवस्था गर्न भौतिक पूर्वाधार आवश्यकता निर्धारण समिति गठन गरीएको छ । कर्मचारी सुबिधा अध्ययन समितिले कार्यालयका कर्मचारीहरुलाई बर्तमान परिप्रेक्ष्यमा दिन सकिने सुविधाहरु पहिचान गरी पेश गरेको र सो अवधिमा तत्काल गर्न सकिने केही सुविधाको बृद्धि एवं थप सुविधाको लागि छलफल भैरहेको छ ।

३. कर्मचारीहरुको आचरण, अनुशासन तथा लेखापरीक्षकको आचारसंहिता पालना लगाएतका विषयहरुमा संबोधन गर्न अनुगमन संयन्त्र बनाइएको छ ।

४. लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुमा समयमा सम्बन्धित निकायहरुसँग छलफल गर्ने, लेखापरीक्षणबाट प्राप्त कैफियत तथा संवेदनशिल विषयहरुलाई जिम्मेवार पदाधिकारीहरुबाट तत्कालै सुधार गर्न वा फछ्यौंट गर्न पहल गर्ने गरि कार्य प्रणाली सुधार गर्ने कार्यको थालनी भएको छ ।

५. विद्यमान ऐन कानूनका कमजोरी, लिमा तथा मेक्सिको घोषणापत्र अनुरुपका व्यवस्थाहरुको आधारमा लेखापरीक्षण ऐन संशोधन तथा लेखापरीक्षण नियमावली तर्जुमा कार्य अगाडि बढाइएको छ ।

६. स्थानीय तहको लेखापरीक्षण गर्न लेखापरीक्षण निर्देशिका तयारी, संगठित संस्थाहरुको लेखापरीक्षण कार्यको अनुगमन गर्ने, सूचना प्रणालीमा आधारित विधि तथा पद्दतीको अबलम्बन गरी लेखापरीक्षण गर्ने र निकायगत लेखापरीक्षण प्रतिवेदनमा आवश्यक सुधार गर्ने कार्यको सुरुवात गरिएको छ ।

७. सार्वजनिक निकायहरुमा वित्तीय अनुशासन तथा जवाफदेहिता अभिवृद्धि गर्न कार्यालयहरुको जोखिम समूहमा वर्गीकरण, बेरुजू फछ्यौंटमा उदासिन पदाधिकारीको अभिलेखन गर्न आवश्यक कार्यारम्भ गरिएको छ ।

८. सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेवारी दिनु पर्दा आर्थिक अनुशासन वित्तीय जवाफदेहिता पालनको स्तर समेतको आधार लिने व्यवस्था मिलाउने कार्य सुरुवात भएको छ ।

९. बित्तिय जबाफदेहिता मुल्याँकन गर्न कार्यालयको ग्रेडिङ गर्ने प्रकृयाको थालनी भएको छ ।

१०. संवैधानिक निकाय, सार्वजनिक लेखा समिति लगायतका Oversight निकायहरुसंग निरन्तर समन्वय, छलफल तथा अन्तरक्रिया गरि सुझाव कार्यान्वयन गर्ने कार्यको सुरुवात भएको छ ।

११. लेखापरीक्षण सल्लाहकार समितिको नियमित बैठक आरम्भ गरी प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र पृष्ठपोषण लिने व्यवस्थाको सुरुवात गरिएको छ ।

१२. वित्तीय व्यवस्थापन तथा आर्थिक अनुशासन, सार्वजनिक कोषको उपयोगको अवस्था बारेमा आमसंचार माध्यममार्फत जनतालाई सुसुचित गराउन गोष्ठी, अन्तरक्रिया, छलफल लगायतका कार्यहरु नियमित रुपमा संचालन गर्ने कार्यको थालनी गरिएको छ ।

कार्यालयको ५९औं वार्षिकोत्सव

२०७४ साल असार १५ गते कार्यालय स्थापनाको ५९ औं वार्षिकोत्सव सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा राष्ट्रिय प्रज्ञाप्रतिष्ठान, कमलादी, काठमाण्डौंमा सम्पन्न गरिएको छ । उक्त अवसरमा माननीय अर्थमन्त्री, संवैधानिक निकायका प्रमुखहरु तथा पदाधिकारीहरु, नेपाल सरकारका सचिवहरु तथा अन्य कर्मचारीहरु, विभिन्न संगठित संस्था, बोर्ड, समिति, प्राधिकरण, विश्वविद्यालय तथा कार्यालयका कर्मचारीहरु र आमसञ्चार माध्यमका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। वार्षिकोत्सव मनाउन माननीय महालेखा परीक्षकज्यूको नेतृत्वमा पारदर्शिता, जवाफदेहिता, सुशासन, सार्वजनिक श्रोतसाधनको महत्तम उपयोग, सेवा प्रवाहमा सुधारसँग सम्बन्धित विषयहरु उल्लेखित प्लेकार्ड र बाजागाजा सहित भृकुटीमण्डप देखि कमलादीसम्म प्रभातफेरी कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा कार्यालयमा उत्कृष्ट काम गर्ने ५ जना कर्मचारीलाई पुरस्कृत र पूर्व महालेखा परीक्षक श्री भानुप्रसाद आर्चायलाई सम्मान गरिएको थियो ।

माननीय महालेखापरीक्षकज्यूको सन्देश.....

महालेखापरीक्षकको कार्यालयको विगत करीब २५ वर्ष देखि संगठन कार्याबोझको आधारमा पुनः संरचना भएको थिएन । हाल कार्यालयको कार्यबोझका आधारमा संगठनको पूनः संरचना गर्ने सन्दर्भमा महालेखापरीक्षकको कार्यालयमा ४ वटा विभाग र प्रदेश तहमा समेत ७ वटा छुट्टै कार्यालय रहने गरी कुल १९ महानिर्देशनालय रहने गरी संगठन संरचना तयार भई स्वीकृतीका लागि नेपाल सरकार मन्त्रीपरिषद् समक्ष पेश गरिएको छ । प्रस्तावित संगठन संरचना अनुसार कार्यालयको कार्य परिमाण विश्लेषणको आधारमा साविकमा ४४८ दरबन्दी रहेकोमा ६४७ दरबन्दीहरु सिफारिस गरिएको छ । लेखापरीक्षणको कार्यमा विशेषज्ञ सेवा लिन सकिने सहित नयाँ संगठन संरचना कायम गरिएको छ ।

प्रस्तावित संगठन संरचनाबाट नेपालको संविधानमा उल्लेख भए बमोजिम संघ, प्रदेश र स्थानीय तहको तहको लेखापरीक्षण कार्यान्वयन गर्न सहयोग पुग्ने, लेखापरीक्षण सेवालाई विशिष्टीकरण गर्न मद्दत पुग्न गई सार्वजनिक श्रोतको मितव्ययीता, दक्षता र प्रभावकारीता बढाउन तथा लेखापरीक्षणको सामाजिक दायित्व निर्वाह गर्न मद्दत पुग्ने विश्वास लिएको छु ।

–टंकमणि शर्मा (दंगाल)
महालेखा परीक्षक

सार्वजनिक लेखा समितिसँग छलफल



सार्वजनिक लेखा समिति र महालेखा परीक्षक बीच छलफल कार्यक्रम

माननीय महालेखा परीक्षकले वित्तिय अनुशासन र आर्थिक प्रशासनका समसामयिक विषयहरुमा सार्वजनिक लेखा समितिसँग सहकार्य गर्दै निरन्तर छलफल र अन्तरक्रियालाई प्राथमिकता दिनुभएको छ ।

सोही अनुसार लेखापरीक्षण सम्बन्धमा महालेखा परीक्षकको भावी कार्य योजना, देशको संघीय ढाँचा अनुरुपको लेखापरीक्षण, महालेखा परीक्षकको प्रतिवेदन कार्यान्वयन, सार्वजनिक संस्थाहरुको लेखापरीक्षण र लेखापरीक्षण प्रक्रियामा सरोकारवालाहरुको संलग्नता जस्ता विषयहरुमा निरन्तर छलफल हुदैं आएको छ ।

छलफलका क्रममा महालेखा परीक्षक आर्थिक अनुशासन र वित्तिय उत्तरदायित्वका सम्वन्धमा संसदप्रति जिम्मेवार रहेको कुरा उल्लेख गर्दै आफूबाट जारी भएको ६ वर्षे कार्ययोजना अनुरुप लेखापरीक्षण कार्यको प्रभावकारीता बढाउने तथा वित्तीय पारदर्शिता र आर्थिक अनुशासन कायम गर्न प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । महालेखा परीक्षकज्यूको यस कार्यमा सार्वजनिक लेखा समितिका सभापति लगायतका पदाधिकारीहरुले सहयोग प्राप्त हुने अपेक्षा र विश्वास राख्नु भएको छ ।

लेखापरीक्षण प्रकृयामा सुधार

लेखापरीक्षणको गुणस्तर अभिबृद्धि गर्नको लागि देहाय बमोजिम कार्यप्रणाली एबं प्रकृयामा सुधार गरिएको छ ।

- बक्यौता लेखापरीक्षण कार्य २०७४ भाद्रमसान्त भित्र सम्पन्न गर्ने गरी टोली परिचालन गरि अनुगमन गर्ने गरिएको छ ।
- बार्षिक योजना मुताबिक यसबर्ष सबै कार्यालयको लेखापरीक्षण गर्ने नीति लिएकोमा सो कार्यान्वयनको क्रममा रहेको छ ।
- स्थानीय तहको लेखापरीक्षण गर्न स्थानिय तह लेखापरीक्षण निर्देशिका तयार गरिएको छ ।
- सुपरीबेक्षण र अनुगमन लेखापरीक्षणको अभिन्न अंग भएकोले सोलाई प्रभावकारी बनाउन बेग्लै निरीक्षण अनुगमन निर्देशनालय गठन गरिएको छ ।
- सुपरीवेक्षण तथा अनुगमनलाई व्यवस्थित गर्न सुपरीवेक्षण तथा अनुगमन निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईएको छ ।
- यसबर्ष केही जटिल जोखिमयुक्त निकायहरुमा Pre Issuance Review गर्ने कार्य भईरहेको छ ।
- कार्यालयका कर्मचारीहरुलाई सुचनामा सहज पहुंच पुऱ्याउन डिजिटल सर्कुलर प्रणाली प्रयोगमा ल्याईएको छ ।
- लेखापरीक्षण कार्यको गुणस्तरीयता अभिवृद्धि गर्न राजस्व, सुचना प्रविधि लगायतका क्षेत्रमा विशेषज्ञ सेवा लिई कार्य गर्ने नीति लिईएको छ ।
- लेखापरीक्षण विधेयक, २०७३ ब्यबस्थापिका संसदमा पेश भैसकेको र यसमा छुट भएका केही विषयहरु संशोधनका लागि व्यवस्थापिका संसदसँग आवश्यक सहकार्य भइरहेको छ ।

२०७४ साल भाद्र महिनामा भएका कार्यालय गतिविधिहरू

महालेखा परीक्षक र निर्वाचन आयोगका पदाधिकारी बिच छलफल

२०७४ भाद्र २८, माननीय महालेखा परीक्षकबाट निर्वाचन आयोगको कार्यालय बाहादुर भवनमा आयोगका माननीय प्रमुख आयुक्त श्री अयोधीप्रसाद यादव र आयुक्तहरुसँग निर्वाचन आयोगको आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षणको विषयमा छलफल भएको छ । उक्त छलफलका क्रममा निर्वाचन आयोगका सचिव, महालेखापरीक्षकको कार्यालयका उप-महालेखा परीक्षकहरु र निर्वाचन आयोगका अन्य पदाधिकारीहरुको र निर्वाचन आयोगमा खाटिएको लेखापरीक्षण टोलीको उपस्थिति रहेको थियो ।



सो अवसरमा निर्वाचन आयोगको लेखापरीक्षणको प्रगति, लेखापरीक्षण गर्दा देखिएका विषयहरुको सैद्धान्तिक पक्षमा छलफल भएको थियो । सोही अवसरमा अगामी चुनाव खर्चको व्यवस्थापनसँग सम्बन्धित समसामयिक विषयहरुमा छलफल भएको थियो । साथै महालेखा परीक्षकज्यूले कार्यालयको वार्षिक लेखापरीक्षण कार्ययोजनाको विषयमा समेत अवगत गराउनु भएको थियो ।

लेखापरीक्षण सल्लाहकार समितिको बैठक

माननीय महालेखा परीक्षकको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको नवौं बैठक २०७४ भाद्र ६ गते सम्पन्न भएको छ । उक्त बैठकमा वार्षिक लेखापरीक्षण योजना, स्थानीय तहको लेखापरीक्षण, महालेखा परीक्षकको ६ वर्षे कार्ययोजना कार्यान्वयन, लेखापरीक्षण नियमावली तथा सेवा सञ्चालन नियमावली, संगठनात्मक व्यवस्था र कार्यप्रणाली र दीगो



सल्लाहकार समितिका सदस्यहरुसँग माननीय महालेखा परीक्षक

विकास लक्ष्य कार्यान्वयन सम्बन्धी लेखापरीक्षणका विषयमा छलफल भयो । छलफलको क्रममा देशको संघीय ढाँचा अनुरुप महालेखापरीक्षकको कार्यालयको संगठनात्मक संरचना र कार्यप्रणालीमा परिवर्तन गर्नुपर्ने, लेखापरीक्षण ऐन, कानूनको परिमार्जन गर्नुपर्ने, लेखापरीक्षणको गुणस्तरमा अभिवृद्धि गर्नुपर्ने, कार्यमूलक लेखापरीक्षणमा जोड दिनुपर्ने, सार्वजनिक कोषको उपयोगको अवस्थालाई आम नागरिकमा सु-सुचित गराउन आवश्यक व्यवस्था गर्नुपर्ने विषयहरुमा सल्लाहकार समितिका सदस्यहरुले सुझाव दिनुभएको थियो ।

सोही अवसरमा सल्लाहकार समितिका पदाधिकारीहरुबाट लेखापरीक्षण योजना समयानुकुल बनाउने, आन्तरिक लेखापरीक्षण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक सल्लाह सुझाव दिनुपर्ने, स्थानीय तहको कारोबारलाई शुरुवातको चरण देखि नै नियमनमा राख्न विस्तृत रुपमा लेखापरीक्षण गर्नुपर्ने, लेखापरीक्षण जनशक्तिको कार्यसम्पादनमा थप विज्ञता ल्याउन क्षमता विकासमा ध्यान दिनुपर्ने, लेखापरीक्षण गर्न बाह्य जनशक्ति परिचालन गर्दा तालिम अभिमुखिकरणमा जोड दिनुपर्ने, लेखापरीक्षण प्रतिवेदन प्रणाली समयानुकुल सुधार गर्नुपर्ने, जनशक्तिलाई स्वतन्त्र तथा उच्च मनोवलयुक्त तुल्याउनुपर्ने विषयहरुमा सुझाव दिनुभएको थियो ।

महालेखा परीक्षक र विज्ञ समूह बिच छलफल

माननीय महालेखा परीक्षकबाट फोरम अफ फर्मर इन्टरनेशनल प्रोफेसनलस् अफ मल्टीलेटरल अर्गानाइजेशन, नेपालका पदाधिकारीहरुसँग लेखापरीक्षणसँग सम्बन्धित समसामयिक विषयमा छलफल गर्नु भएको छ । महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०७३/७४



विज्ञ समूहका महानुभावहरुसँग माननीय महालेखा परीक्षक

को वार्षिक लेखापरीक्षण योजना, कार्यमूलक एवं सामयिक लेखापरीक्षण लगायतका विषयमा छलफल भएको थियो । सोही अवसरमा देशको अर्थिक सूचकहरु र सार्वजनिक निकायहरुको सेवा प्रवाहको प्रभावकारीता लगायतका विषयहरु परीक्षण गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्ने र सुधारका कार्यमा सहकार्य र सुझाव प्राप्त गर्ने विषयमा समेत छलफल भएको थियो ।

महालेखा परीक्षक र प्रधान सेनापति बिच छलफल

२०७४ भाद्र ४ गते, माननीय महालेखा परीक्षक र नेपाली सेनाका प्रधान सेनापति श्री राजेन्द्र क्षेत्री बिच नेपाली सेनाको लेखा व्यवस्थापन, बेरुजू तथा लेखापरीक्षणका विषयमा छलफल भयो । छलफलको अवसरमा माननीय महालेखा परीक्षकबाट नेपाली सेनाको वित्तीय व्यवस्थापन थप व्यवस्थित बनाई संगठनमा वित्तीय जवाफदेहितालाई सुदृढ गर्नुपर्ने आवश्यकता रहेको बताउदै लेखापरीक्षणबाट औल्याएका बेरुजूलाई समयमा नै फछ्यौंट गर्ने तर्फ ध्यानाकर्षण गराउँदै वित्तीय सुशासन कायम

गर्न प्रचलित ऐन, नियमको पालना गरी खर्च लेखाङ्कनमा विशेष ध्यान दिन निर्देशन दिनु भएको छ । सोही अवसरमा नेपाली सेनाका प्रधान सेनापतिबाट आगामी दिनमा लेखापरीक्षणले औल्याएका सुझाव कार्यान्वयन गरी वित्तीय जवाफदेहिता कायम गर्न नेपाली सेना अग्रसर रहने जानकारी गराउनु भयो ।

लेखापरीक्षण कार्यको अनुगमन तथा सुपरिवेक्षण

२०७४ भाद्र २, महालेखा परीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७३/७४ को अन्तिम लेखापरीक्षण कार्य काठमाण्डौ उपत्यका र हिमाली १० जिल्लामा मिति २०७४ श्रावण १५ गतेबाट भईरहेको छ । लेखापरीक्षणको गुणस्तर वृद्धि गर्न प्रत्येक चरणको काममा उच्च पदाधिकारीबाट अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था लेखापरीक्षण मार्गदर्शनले गरेको छ । सोही व्यवस्था बमोजिम मिति २०७४/०४/३० बाट उप-महालेखा परीक्षक श्री मोहदत्त तिमिल्सिना, श्री बाबुराम गौतम, श्री ईश्वर नेपाल र श्री रामुप्रसाद डोटेलको नेतृत्वमा लेखापरीक्षण गर्ने निकायहरुको लेखापरीक्षण कार्यको स्थलगत अनुगमन तथा सुपरीवेक्षण कार्य भइरहेको छ । उपत्यका भित्रको समग्र लेखापरीक्षण कार्यको नियमित अनुगमन तथा सुपरीवेक्षण नायब महालेखा परीक्षक श्री पदमराज पौडेल र निर्देशक नेत्रप्रसाद पौडेलबाट गरिएको छ ।

प्रथम चरणको लेखापरीक्षण सम्पन्न

स्वीकृत बार्षिक लेखापरीक्षण योजना, २०७४ अनुसार कार्यालयले प्रथम चरणमा मिति २०७४ श्रावण १५ बाट काठमाडौँ उपत्यका र १० उच्च हिमाली जिल्ला बाझाङ, बाजुरा, मुगु, कालिकोट, हुम्ला, जुम्ला, डोल्पा, मनाङ, मुस्ताङ र सोलुखुम्बुको स्थलगत लेखापरीक्षण गर्न टोली खटाएको थियो । जस अनुसार काठमाडौँ उपत्यकाको लेखापरीक्षण कार्य अन्तिम चरणमा पुगेको छ भने १० उच्च हिमाली जिल्लको स्थानीय तह समेत ४१६ सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत गरी जम्मा रु. ३२ अर्ब ३७ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

Audit work Flow



निर्देशक श्री रमेश ढकाल

Authority Audit को, संवैधानिक बाटो,
आचरणको स्वघोषण, पालनाको पाटो,
Competency Matrix ले , अनुभव रोज्छ,
Work Record र Engagement ले, दायित्वलाई खोज्छ,
Entry Meeting साथसाथै, माग विवरणको,
Pre-engage पुरा गरी, Step planning को ॥

Entity को Knowledge बुझी, Lead Schedule को वर्किङ
Analysis Data भित्र, control पाटो चेकिङ
सारभूत हुनुपर्ने, Risk को selection मा
Audit Approach रोज्नुपर्ने, Risk को मूल्यांकनमा
सबै कार्य गरेपश्चात् ,प्रोगाम बनाऔं
मेमोरेण्डम planning मा, कार्य शुरु गरौं ॥

Lead schedule को सम्पादनमा, procedure को चयन
Test of control–substantive र, Analysis नयन
Issue Log र written Letter सबै पक्ष जोडौ
छलफल–रुजु–मन्तब्यमा, प्रतिवेदन गोडौ.
Final Report तयार पछि, Document को पाटो
supervision गुणस्तर र, Follow up को बाटो ॥

लेखापरीक्षण अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी निर्देशिका २०७४

माननीय महालेखा परीक्षकज्यूले लेखापरीक्षण अनुगमन तथा सुपरभिजनलाई व्यवस्थित बनाउन २०७४।०५।०८ मा लेखापरीक्षण अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी निर्देशिका २०७४ जारी गर्नु भएको छ । उक्त निर्देशिकामा केही प्रमुख विषयहरु तल उल्लेख गरिएको छ ।

१. संवैधानिक तथा कानुनी व्यवस्था:

नेपालको संविधानको धारा २४१ मा संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकले लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । नेपालको संविधानमा महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम गरिएको छ ।

- राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाल लगायत संघीय र प्रदेशका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने,
- पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिमा परामर्श दिने ,
- महालेखा परीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा तोकिएका कोष, समिति, निकायको लेखापरीक्षण गर्ने,
- लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्न पाउने,
- लेखा ढाँचा स्वीकृत गर्ने,
- आफूले गरेको कामको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेस गर्ने ।

लेखापरीक्षण ऐन, २०४८ मा महालेखा परीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुरा र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण सम्बन्धमा उल्लेख गरेको छ ।

२. कार्यालयको भूमिका:

महालेखा परीक्षकको कार्यालयले सुशासन कायम गर्ने सन्दर्भमा "जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने" दूरदृष्टि र "सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने" गन्तव्य निर्धारण गरेको छ । स्वतन्त्रता, निष्ठा, व्यावसायिकता, पारदर्शिता र जवाफदेहिता कार्यालयका मूल्य र मान्यता हुन् ।

कार्यालयले लेखापरीक्षणको माध्यमबाट सार्वजनिक हित प्रवर्द्धनका सन्दर्भमा प्रचलित ऐन नियम, निर्देशिका विपरीत आर्थिक कारोबार भएमा, सार्वजनिक निकायले जनतालाई सेवा प्रवाह गर्ने सिलसिलामा भएका कमी कमजोरीहरु, सार्वजनिक नीतिको कार्यान्वयनमा देखिएका समस्याहरु औंल्याई सचेतकको भूमिका खेलेको छ । फलस्वरुप राज्यको स्रोतसाधनको अपव्यय, दुरुपयोग, हानि–नोक्सानी, चुहावट रोकथाम एवं स्रोतसाधनको उपयोगबाट उच्चतम प्रतिफल प्राप्त गर्न सहयोग पुग्नुको साथै आर्थिक अनुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयको ठूलो योगदान रहेको छ ।

३. लेखापरीक्षण अनुगमन तथा सुपरीवेक्षणको अवधारणा :

कार्यालयले लेखापरीक्षणलाई व्यवस्थित गर्न सरकारी लेखापरीक्षण नीति मानदण्ड, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, वित्तीय लेखापरीक्षण मार्गदर्शन, आयोजना हिसावको लेखापरीक्षण मार्गदर्शन, सार्वजनिक खरीद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन, प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन, राजस्व लेखापरीक्षण मार्गदर्शन जारी गरी प्रयोगमा ल्याइएको छ । ती लेखापरीक्षण मानदण्ड, मार्गदर्शन बमोजिम लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न प्रत्येक चरणको काममा उच्च पदाधिकारीबाट सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था छ ।

लेखापरीक्षण सुपरीवेक्षण तथा अनुगमनका क्रममा लेखापरीक्षण योजना, लेखापरीक्षण कार्यपत्र र जोखिमको मुल्यांकन लगायतका कार्य स्वीकृत नीति मानदण्ड अनुसार भए नभएको, लेखापरीक्षण प्रतिवेदनले निकायको स्रोतसाधनको प्राप्ति र प्रयोग, स्वीकृत बजेट र कार्यान्वयनको नतीजा बारेमा जानकारी दिएको छ छैन, लेखापरीक्षणको कार्य प्रभावकारी रुपमा भएको छ छैन, लेखापरीक्षणका क्रममा के–कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के–कस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ । सो सम्बन्धमा अध्ययन, मूल्याकन एवं विश्लेषण गरी महालेखापरीक्षक समक्ष प्रतिवेदन गर्ने कार्य गरिन्छ । यसबाट लेखापरीक्षणमा भएका समस्या समयमै पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ ।

४. सुपरीवेक्षण निर्देशिकाको उद्देश्य:

लेखापरीक्षणको स्थलगत सुपरिवेक्षण कार्यलाई व्यवस्थित गर्न स्वीकृत वार्षिक लेखापरीक्षण योजना अनुसार लेखापरीक्षण मानदण्ड तथा निर्देशिकाको परिपालना एवं लेखापरीक्षणमा संलग्न जनशक्तिलाई प्रोत्साहन, निर्देशन, नियन्त्रण र सुझाव प्रदान गरी गुणस्तरीय लेखापरीक्षण सम्पादन गर्न यो निर्देशिका जारी गरिएको हो ।

५. लेखापरीक्षण सुपरीवेक्षण, अनुगमनका आधारहरू :

- लेखापरीक्षण ऐन २०४८
- आर्थिक कार्यविधि ऐन २०५५
- आर्थिक कार्यविधि नियमावली २०६४
- लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका
- महालेखा परीक्षकको कार्ययोजना २०७४ –२०८०
- वार्षिक लेखापरीक्षण कार्यतालिका
- वार्षिक लेखापरीक्षण योजना
- लेखापरीक्षण गुणस्तर आस्वस्तता ह्याण्ड बुक २०१२
- मन्त्रालयगत समष्टीगत लेखापरीक्षण योजना
- इकाइगत लेखापरीक्षण योजना
- माननीय महालेखापरीक्षकबाट भएका निर्देशनहरु ।

६. सुपरीवेक्षण र अनुगमन विधिहरू :

- स्थलगत भ्रमण
- निरीक्षण, अवलोकन
- योजना, प्रतिवेदन र कार्यपत्र पुनरावलोकन
- विद्युतीय प्रणाली मार्फत सूचना आदान प्रदान
- नियमित सम्पर्क तथा छलफल

७. गुणस्तर नियन्त्रण एवं सुपरीवेक्षण प्रकृया :

७.१ विश्वका सबै सर्वोच्च लेखापरीक्षण संस्थाले लेखापरीक्षणको गुणस्तर नियन्त्रणका लागि विभिन्न मानदण्ड निर्देशिकाहरु जारी गर्ने गरेका छन् । सोही व्यवस्था अनुसार यस कार्यालयले समेत गुणस्तर अभिवृद्धि, गुणस्तर आश्वस्तता पुनरावलोकन ह्याण्डबुक, वित्तीय लेखापरीक्षण मार्गदर्शन, सरकारी लेखापरीक्षण नीति मानदण्ड जारी गरी कार्यान्वयनमा ल्याएको छ । मानदण्डमा उल्लेख भए अनुसार निम्न दुई चरणमा लेखापरीक्षण गुणस्तर नियन्त्रण गर्ने व्यवस्था रहेको छ ।

- संगठन तहमा गुणस्तर नियन्त्रण–यसका लागि पेशागत मानदण्ड, आचारसंहिता जारी गरी परिपालना गर्ने कर्मचारीको क्षमता विकास गर्ने, कार्य बांडफांड, अधिकार प्रत्यायोजन र अनुगमन लगायतका क्रियाकलाप सम्पादन गरिन्छ ।

- लेखापरीक्षण तहमा गुणस्तर नियन्त्रण– योजना तर्जुमा, कार्यान्वयन, निर्देशन, नियन्त्रण, सुपरीवेक्षण, पुनरावलोकन लगायतका क्रियाकलाप पर्दछन् ।

७.२ गुणस्तर नियन्त्रण अन्तर्गत सुपरीवेक्षण २ तहको हुनेछ । सुपरीवेक्षण मुख्यत: स्थलगत रुपमा लेखापरीक्षण भएको ठाउंमा सुपरीवेक्षक उपस्थित भएर र केन्द्रीय तहमा योजना पुनरावलोकन स्वीकृति फाइल समीक्षा एवं पुनरावलोकन गरेर हुनेछ । स्थलगत रुपमा अनुगमन सुपरीवेक्षण सम्बन्धित महाशाखा, महा–निर्देशनालय वा कार्यालयबाट तोकिएको उप महा लेखापरीक्षक वा नायब महालेखापरीक्षकले गर्नेछ । यस बाहेक सम्बन्धित नायब महालेखा परीक्षकसंग समन्वय गरेर दोहोरो नपर्ने गरी (निरीक्षण तथा अनुगमन निर्देशनालयले) पनि अनुगमन गर्न सक्नेछ । स्थलगत सुपरीवेक्षण गर्दा लेखापरीक्षण टोलीलाई समयमा नै गुणस्तरीय ढंगले लेखापरीक्षण सम्पादन गर्न सहजता हुन्छ । यसरी सुपरीवेक्षण गर्दा लेखापरीक्षण टोलीले पर्याप्त प्रमाण संकलन गरे नगरेको लेखापरीक्षण योजना अनुसारका लेखापरीक्षण कार्यविधि सम्पादन गरे नगरेको, लेखापरीक्षण नतिजा र प्रतिवेदन गुणस्तरीय रहे नरहेको पुनरावलोकन गरिन्छ ।

७.३ प्रत्येक महा–निर्देशनालयले आफ्नो मातहत खटिएका कर्मचारीबाट सम्पादित लेखापरीक्षणको कार्ययोजना बनाई नियमित रुपमा स्थलगत अनुगमन गर्नुपर्नेछ । महा–निर्देशनालयले तयार गरेको कार्ययोजनाको एक प्रति निरीक्षण अनुगमन निर्देशनालयमा पठाउनुपर्नेछ ।

७.४ स्थलगत सुपरीवेक्षण भए वा नभए पनि सम्बन्धित निर्देशक, नायब महालेखापरीक्षक र उप महालेखापरीक्षकले क्रमश: फाइल समीक्षा एवं पुनरावलोकन गर्नुपर्नेछ । फाइल समीक्षा एवं पुनरावलोकन २ तहमा हुनेछ । प्रथम चरणको पुनरावलोकन वित्तीय लेखापरीक्षण मार्गदर्शन बमोजिम निर्देशक वा नायब महालेखापरीक्षक र दोस्रो चरणको पुनरावलोकन नायब महालेखापरीक्षक वा उप महालेखापरीक्षकबाट हुनेछ ।

७.५ प्रथम चरणको फाइल समीक्षामा समग्र लेखापरीक्षण योजना, जोखिम मूल्याकन, लेखापरीक्षण कार्यपत्र प्रमाणको पर्याप्ततामा केन्द्रित रहनेछ । दोस्रो चरणको फाइल समीक्षामा पहिलो चरणको फाइल समीक्षाको स्तर, लेखापरीक्षण नतिजा र सकलित प्रमाण लेखापरीक्षण योजना कार्यक्रम एवं सोको कार्यान्वयन अवस्था मूल्याकन गरिनेछ । प्रथम र दोस्रो चरणको फाइल समीक्षा एवं पुनरावलोकन गर्न अनुसूची ४ प्रयोग गर्नुपर्दछ ।

८. अनुगमन तथा निरीक्षण र सुपरीवेक्षण गर्ने पदाधिकारीको काम, कर्तव्य र अधिकार

अनुगमन तथा सुपरीवेक्षणमा खटिएका पदाधिकारीले कार्यालयबाट जारी मानदण्ड, निर्देशिका, मार्गदर्शन, आचारसंहितालाई समेत मनन गर्दै यस निर्देशिकाको अनुसूचीमा उल्लेखित फारामहरु प्रयोग गरी सुपरीवेक्षण गर्नुपर्नेछ । सुपरीवेक्षण गर्ने पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ:

८.१ सुपरीवेक्षकले लेखापरीक्षण टोलीलाई सुम्पिएको कार्य गर्न कार्यालयबाट तय भएको नीतिको कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित टोलीको कर्तव्य हुनेछ ।

८.२ लेखापरीक्षण सुपरभिजनको क्रममा देखिएका वस्तुस्थितिका आधारमा लेखापरीक्षण कार्ययोजनालाई आवश्यक परिमार्जन गर्न गराउन सक्ने छ ।

८.३ सुपरीवेक्षकले स्थलगत लेखापरीक्षणका क्रममा थप परीक्षण गर्नुपर्ने विषयहरु देखिएमा थप लेखापरीक्षण कार्यक्रम तयार गर्न लगाई लेखापरीक्षण गर्न निर्देशन दिन सक्नेछ ।

८.४ सुपरीवेक्षकले आवश्यकतानुसार लेखापरीक्षण योजना, कार्यक्रम वा सोको संशोधन गरी स्वीकृत गर्न सक्नेछ ।

८.५ सुपरिवेक्षकले काठमाडौं उपत्यकाबाहेक अन्य जिल्लाको स्थलगत सुपरिवेक्षणको क्रममा माथिल्लो तहको लागि तोकिएको सीमासम्म (निर्देशकले रु.१ करोडसम्म र नायव महालेखापरीक्षकले जतिसुकै रकमको भएपनि) को बेरुजूको कारबाही टुंगो लगाउन सक्नेछ ।

८.६ सुपरीवेक्षकले स्थलगत लेखापरीक्षणको क्रममा लेखापरीक्षणबाट देखिएका व्यहोरा तत्काल फछ्यौंट गर्ने गराउने, जटिल प्रकृतिका व्यहोराबाहेक अन्य सबै व्यहोरा प्रतिवेदन अगाबै फछ्यौंट गर्न गराउन आवश्यक निर्देशन दिनसक्ने छ । आवश्यक परेमा कार्यस्थलको स्थलगत नीरिक्षण अवलोकन गर्न सक्नेछ ।

८.७ लेखापरीक्षण फाइलमा रहनुपर्ने आधारभूत कागजात संलग्न भए नभएको यकिन गरी संलग्न गर्न लगाउनु पर्नेछ ।

८.८ लेखापरीक्षण योजना एवं कार्यक्रममा उल्लेख भएका

परीक्षण गर्नुपर्ने सबै विषयहरुसंग सम्बन्धित परीक्षण विधि एवं नमुना छनौट अनुसार परीक्षण गरेको अभिलेख एवं कार्यपत्र रहे छ छैन फाइल परीक्षण गरी नभएमा राख्न लगाउन निर्देशन दिन सक्नेछ ।

८.९ सुपरीवेक्षकले कार्यक्षेत्र भित्रका निकायको एकल कोष खाताबाट प्राप्त भुक्तानी आदेश बमोजिमको कारोवारलाई विश्लेषण गरी विस्तृत परीक्षण गर्नुपर्ने पहिचान गरी सो सम्बन्धी सूचना लेखापरीक्षण टोलीलाई उपलब्ध गराउनु पर्नेछ । सो विषय परीक्षण गरी देखिएका व्यहोरा प्रतिवेदनमा समावेश गर्नु टोलीको प्रमुख कर्तव्य हुनेछ ।

८.१० काठमाण्डौं बाहिरको सुपरीवेक्षण गर्ने क्रममा सुपरीवेक्षकले लेखापरीक्षण योजना अनुसारको जोखिमयुक्त विषयमध्ये लक्ष्य प्रगति विश्लेषण, खरीद व्यवस्थापन, सेवा प्रवाह, कार्यक्रम सञ्चालन व्यवस्थापन, उद्देश्य प्राप्ति सम्बन्धी काम कारबाही राजस्व प्राप्ति लगायतका विषय अध्ययन गरी लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्न उपयुक्त विषय पहिचान गरी लेखापरीक्षण टोलीलाई सहयोग गर्नु पर्दछ ।

८.११ सुपरिवेक्षणको क्रममा लेखापरीक्षण टोलीले कार्य सम्पादन गर्ने क्रममा कुनै समस्या देखिएमा समाधान गर्ने र आफ्नो तहबाट समाधान नहुने भएमा माथिल्लो तहबाट प्राप्त निर्देशन अनुसार समाधान गर्नु पर्दछ ।

८.१२ सुपरीवेक्षकले काठमाडौं उपत्यकामा स्थलगत अुनगमन सुपरीवेक्षण गर्दा अनुसूची १ र काठमाडौं उपत्यका बाहिर स्थलगत अनुगमन सुपरीवेक्षण गर्दा अनुसूची २ प्रयोग गर्नुपर्दछ ।

९. प्रतिवेदन :

९.१ काठमाण्डौं उपत्यका बाहिर स्थलगत अनुगमन तथा सुपरिवेक्षण कार्य सम्पन्न गरी कार्यालय फर्केको ७ दिनभित्र अनुसूची २ समेतको आधार लिई निम्नानुसारका विवरण खुलाई माननीय महालेखापरीक्षक समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

- स्थलगत सुपरिवेक्षण गरिएका कार्यालयहरु र सुपरीवेक्षण गरेको अवधि,
- सुपरिवेक्षणको क्रममा सम्पादन गरेका "स्थलगत अनुगमन तथा सुपरिवेक्षण" अनुसुची २ मा उल्लिखित कार्यहरु एवं दिइएका निर्देशनहरु,
- सुपरिवेक्षणको क्रममा आयोजना र कार्यक्रमको स्थलगत निरीक्षण गरेको भए सोको व्यहोरा,
- लेखापरीक्षण सुपरिवेक्षणको क्रममा जनप्रतिनिधी, पत्रकार, गैसस, सरोकारवाला, कार्यालय प्रमुख, लेखा प्रमुख र अन्य कर्मचारीसंग लेखापरीक्षणका सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको कामकारवाहीको बारेमा छलफल गर्दा र अन्य स्रोतबाट प्राप्त गरेको पृष्ठपोषण,
- लेखापरीक्षण टोलीको आचारसहिंता पालनासम्बन्धी व्यहोरा,
- अन्य महानिर्देशनालय, निर्देशनालयलाई कुनै सुझाव दिनुपर्ने देखिएमा सोको व्यहोरा,
- लेखापरीक्षण वा सुपरिवेक्षणको क्रममा देखिएका समस्या र भविष्यमा गर्नुपर्ने सुधारका विषयहरु,
- महालेखा परीक्षकज्यूबाट निर्देशन भएका अन्य विषयहरु ।

९.२ काठमाण्डौं उपत्यका भित्र अनुगमन तथा सुपरीवेक्षण गरिएकोमा सम्बन्धित महाशाखा अन्तर्गतबाट भएकोमा आफू माथिको पदाधिकारीलाई र निरीक्षण तथा अनुगमन निर्देशनालयको तर्फबाट भएको अनुगमनको सम्बन्धमा सम्बन्धित महाशाखामा जानकारी गराई माननीय महालेखा परीक्षकज्यूलाई प्रतिवेदन गर्नुपर्नेछ ।

१०. अनुगमन सुपरिवेक्षण तथा पुनरावलोकनका अन्य व्यवस्था:

अनुगमन, सुपरिवेक्षण तथा पुनरावलोकन गर्ने पदाधिकारीले टेलिफोन, ईमेल र अन्य उपयुक्त माध्यमबाट लेखापरीक्षण टोलीको सम्पर्कमा रही लेखापरीक्षण कार्यलाई व्यवस्थित एवं मर्यादित गर्न योगदान गर्न सक्नेछन् । लेखापरीक्षण गराउने निकायका प्रमुख र अन्य कर्मचारीसँग सम्पर्कमा रहने र लेखापरीक्षण सम्बन्धमा निजहरुको समस्या, जिज्ञासा, गुनासा, सुझाव आदि राख्न चाहेमा तत्काल सुनुवाई गर्नुपर्नेछ । यसरी सम्पादन गरेका कार्य र दिएका निर्देशनको अभिलेखन तथा विधि आफैं तय गर्न सकिने छ ।

सुचना तथा सञ्चार

महालेखापरीक्षकको कार्यालयका गतिबिधि र लेखापरीक्षणसँग सम्बन्धित बिषयहरु सरोकारवाला बीच जानकारी गराउने उद्देश्यले २०७४ आषाढ महिना देखि लेखापरीक्षण बुलेटिन नियमित रुपमा प्रकाशन गर्न शुरुवात गरिएको छ । कार्यालयका गतिबिधि सम्बन्धमा नियमित रुपमा जानकारी दिने उद्देश्यले प्रेस बिज्ञप्ती, छापा तथा विद्युतिय संचार माध्यम मार्फत सूचना प्रवाह गर्ने कार्यलाई जोड दिइएको छ ।

माननीय महालेखा परीक्षकक‌ज्यूले पदभार ग्रहण गरे पश्चात् भाद्र मसान्तसम्म गरेका छलफल तथा अन्तरक्रियाहरू

सि.नं	मिति	विषय	;+:yfsf] gfd/ उपस्थित पदाधिकारीहरु
१	२०७४/०३/०२	वित्तीय अनुशासन र आर्थिक प्रशासनका समसामयिक विषयहरु	मुख्य सचिव सहित नेपाल सरकारका सचिवहरु
२	२०७४/०३/०४		सार्वजनिक संस्थानका प्रमुख र लेखा प्रमुखहरु
३	२०७४/०३/०५		समिति, परिषद्, प्रतिष्ठान तथा कोषका प्रमुख र लेखा प्रमुखहरु
४	२०७४/०३/०६		सार्वजनिक संस्थानको लेखापरीक्षकहरु
५	२०७४/०३/०७		महालेखा परीक्षको कार्यालयको परामर्शमा नियूक्त भएका लेखापरीक्षकहरु
६	२०७४/०३/०८		ICAN का पदाधिकारीहरु
७	२०७४/०३/०८		ACAN का पदाधिकारीहरु
८	२०७४/०३/०८		AUDAN का पदाधिकारीहरु
९	२०७४/०३/०९		संबैधानिक निकाय, मान्त्रालय, विभाग तथा केन्द्रिय निकायका लेखा प्रमुखहरु
१०	२०७४/०३/१९	लेखा, लेखापरीक्षण, आन्तिरिक नियन्त्रण तथा अन्य विषयहरु	नेपाल राष्ट्र बैकका गर्भनर र अन्य पदाधिकारीहरु
११	२०७४/०३/१९		संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयका सचिव, प्राधिकरणका महानिर्देशक लगायत अन्य पदाधिकारीहरु
१२	२०७४/०३/२१	लेखापरीक्षणका विविध विषयहरु	राष्ट्रिय बिमा संस्थान का पदाधिकारीहरु
१३	२०७४/०३/२१		राष्ट्रिय बिमा कम्पनी लिमिटेडका पदाधिकारीहरु
१४	२०७४/०३/२५	बेरुजु फछ्र्यौट, संस्थानहरुको लेखापरीक्षण, राजश्व बक्यौता, सोधभर्ना र स्थानिय निकायको लेखापालन तथा लेखापरक्षिण	अर्थ सचिव, राजस्व सचिव , संघिय मामिला तथा स्थानिय सचिव, सह–महालेखा नियन्त्रक
१५	२०७४/०३/२६	बिमा व्यवसाय तथा यसको नियमन र लेखापरीक्षण	बिमा समिति अध्यक्ष तथा अन्य पदाधिकारीहरु
१६	२०७४/०३/२६	लेखापरीक्षणका समसामयिक विषयहरु	नागरीक लगानी कोषका अध्यक्ष तथा लेखापरीक्षक
१७	२०७४/०३/२८	वित्तिय अनशासन, सार्बजनिक जवाफदेहिता, बेरुजु फछ्र्यौट, सार्बजनिक संस्थानको लेखापरीक्षण	सार्बजनिक लेखा समितिका सभापति लगायत अन्य पदाधिकारीहरु
१८	२०७४/०३/२९	सार्बजनिक संस्थानको वित्तिय अनुशासन, जवाफदेहिता, वक्यौता लेखापरीक्षण	नेपाल खाद्य संस्थानका अध्यक्ष तथा अन्य पदाधिकारीहरु
१९	२०७४/०३/२९		नेपाल दूरसञ्चार प्राधिकरणका पदाधिकारीहरु
२०	२०७४/०४/०३	धितोपत्र बोर्डको कार्य क्षेत्र भित्र रहेका सरकारी तथा सार्वजनिक निकायहरुको लेखापरीक्षण, वित्तीय अनुशासन पालना र संस्थागत सुशासन	नेपाल धितोपत्र बोर्डका अध्यक्षका पदाधिकारीहरु
२१	२०७४/०४/०३ – ४/१०	Auditing Preparedness for the Implementation of the Sustainable Development Goals विषयक संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा २०१७ जुलाई २० र २१ मा सञ्चालन भएको	INTOSAI का सदस्य राष्ट्रका प्रतिनिधिहिरु
२२	२०७४/०४/१५	वित्तीय व्यवस्थापन र आर्थिक अनुशासन तथा लेखापरीक्षणका विविध विषयमा	व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोरप्रसाद उपाध्याय र सञ्चारकर्मी
२३	२०७४/०४/२५	द्विपक्षिय हितका र सहयोगका विषयमा छलफल	यूएसएडका फिलिपिन्स स्थित Reginal Inspector General, Manila (RIG/Manila) का Inspector General Matthew A Laird
२४	२०७४/०४/२५		ACCA का उपाध्यक्ष Mr. Lea Lee
२५	२०७४/०४/२७	लेखापरीक्षणका वक्यौता तथा लेखापरीक्षणका विविध विषयमा	त्रिभुवन विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष
२६	२०७४/०४/२७		नेपाल खानेपानी संस्थानका अध्यक्ष र कायम मुकायम महाप्रबन्धक लगायत अन्य पदाधिकारीहरु
२७	२०७४/०५/०४	नेपाली सेनाको लेखा व्यवस्थापन, बेरुजू तथा लेखापरीक्षणका विषयमा	नेपाली सेनाका प्रधान सेनापति लगायत अन्य पदाधिकारीहरु
२८	२०७४/०५/०६	संगठनात्मक व्यवस्था र कार्यप्रणाली र दीगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धी लेखापरीक्षणका विषयमा	लेखापरीक्षण सल्लाहकार समिति
२९	२०७४/०५/१४	लेखापरीक्षणका क्षेत्रगत विषयहरुमा	विभिन्न स्वदेश तथा विदेशका अन्तराष्ट्रिय संस्थामा काम गर्ने विज्ञहरु
३०	२०७४/०५/२८	आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षणका विषयमा	निर्वाचन आयोगका माननीय प्रमुख आयुक्त श्री अयोधि प्रसाद यादव तथा अन्य आयुक्तहरु
३१	२०७४/०५/३०	कार्यमूलक एवं सामयिक लेखापरीक्षण लगायतका विषयमा	फोरम अफ फर्मर इन्टरनेशनल प्रोफेसनलस् अफ मल्टीलेटरल अर्गानाइजेशन, नेपालका पदाधिकारीहरु

वर्ष १, अंक ३, २०७४ भाद्र (Year 1, Issue 3, Aug/Sep. 2017)

२०७४ भाद्र महिनामा सञ्चालित तालिममा सहभागी कर्मचारीहरू

क्र.सं.	कर्मचारीको नाम	पद	तालिमको नाम
१.	श्री बैकुण्ठ बहादुर अधिकारी	निर्देशक	Nepal Financial Reporting Standard.
२.	श्री दिनेश मिश्र	निर्देशक	Nepal Financial Reporting Standard.
३.	श्री शम्भु बहादुर श्रेष्ठ	निर्देशक	Training on Financial Management for ADB Assisted Projects.
४.	श्री कृष्णप्रसाद पौडेल	निर्देशक	Training on Financial Management for ADB Assisted Projects.
५.	श्री अशोक कुमार कार्की	निर्देशक	Awareness and Survey on Possibilities of Integration of Digital Signatiure.
६.	श्री मञ्जु पन्थी	लेखापरीक्षण अधिकारी	Awareness and Survey on Possibilities of Integration of Digital Signatiure.

२०७४ भाद्र महिनामा वैदेशिक कार्यक्रममा सहभागी कर्मचारीहरू

सि.नं	कर्मचारीको नाम	पद	कार्यक्रमको नाम	देश	अवधि
१	श्री इन्द्र प्रसाद आचार्य	निर्देशक	SAI Fighting Corruption, Draft Audit Plan Discussion Meeting	बैंकक, थाईल्याण्ड	२०१७ सेप्टेम्बर १३ देखि २२ सम्म
२	श्री रामचन्द्र ओझा	लेखापरीक्षण अधिकारी			
३	श्री जितेन्द्र श्रेष्ठ	लेखापरीक्षण अधिकारी			
४	श्री मनिराम शर्मा	निर्देशक	Seminar on Anti Corruption Measures	बेईजिङ, चिन	२०१७ सेप्टेम्बर ९ देखि २५ सम्म
५	श्री रामकृष्ण अधिकारी	निर्देशक			
६	श्री बद्रि बहादुर खड्का	लेखापरीक्षण अधिकारी			
७	श्री रुद्रहरी पोखेल	लेखापरीक्षण अधिकारी			

